# त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिम्रुतु खारानेटा, रूकुम (पश्चिम),
कर्णाली प्रदेश, नेपाल

website:
www.trivenimunrukum.gov.np
Email: tribenigp@gmail.com


मितिः २०७५ श्रावण २९ गते मंगलबार ।

## शोक बक्तव्य

हाम्रो यस त्रिवेणी गाउँसभाका माननिय सदस्य तथा त्रिवेणी गाउँपालिका वडा नं. ९ का जननिर्वाचित वडा सदस्य एवं आदरनिय सहिद भिम बहादुर रावल का सुपुत्र श्री कमल रावल ज्यूको मिति २०७५ श्रावण २८ गते सोमबारका दिन २७ बर्षको उमेरमा असामहिक दुखत निधनले हाम्रो गाउँपालिका परिवारलाई अत्यन्तै मर्माहत र शोकाकुल बनाएको छ ।स्थानीय तहको निर्वाचनमा अग्रणी भुमिका खेल्नुभएका आदरनिय व्यक्तित्व कमल रावल ज्यूको निधनले हाम्रो गाउँपालिकाले अपुरनिय क्षेति व्यहोरेको छ ।हामीले एक असल र जुझारू युवा गुमाएको महशुस गरेका छौ ।सामाजको हरेक कार्यहरूमा सक्रिय सहभागिता जनाउने उहाँ एक सामाजिक अभियन्तका रूपमा रहनु भएको थियो ।अन्याय र उत्पिडनमा परेका निमुखा र गरिव जनताको हक अधिकार स्थापित गर्न अहोरात्र खटिने उहाँ एक परिवर्तनगामी व्यक्तित्व हो । उहाँको अभाव हामीलाई सधै खड्कि रहने छ र हामिले एक कर्मठ, इमान्दार, आत्मविश्वासि, उर्जाशिल र जिम्मेवार व्यक्तित्व लाई गुमाउन पुगेका छौ ।

दुखको यस समयमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछौ । साथै शोकमा पर्नु भएका समस्त परिवारजन, आफन्तजन र मलामीहरूमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना सहित गहिरो समवेदना प्रकट गर्दछौ ।

अन्तमा उहाँले हाम्रो गाउँपालिकालाई पुयाउनुभएको योगदानको उच्च सम्मान गर्दै समाजको समग्र परिवर्तन र विकासका लागी उहाँले देखाएर बाटोलाई आत्मसाथ र परिस्कृत गर्दै अगाडी वढने प्रतिवद्धता व्यक्त गर्दछौ । दुखको यस घडिमा उहाँको शोकाकुल परिवार सँग हाम्रो त्रिवेणी गाउँपालिका परिवार भावनात्म रूपले साथमा रहनेछ । दिवंगत कमल रावल ज्यू प्रति पुनः भावपुर्ण श्रद्धान्जलि अर्पण गर्दै उहाँको सम्मानमा उहाँको शोकाकुल परिवारलाई हाम्रो त्रिवेणी गाउँपलिकाको तर्फबाट तत्कालको सहायता स्वरूप रू. ५०००० (अक्षेरूपि पचास हजार) उपलव्ध गराउदछौ ।

धन्यवाद ।

झक्कु प्रशाद घर्ति मगर
गाउँपालिका अध्यक्ष
त्रिवेणी गाउँपालिका रूकुम (पश्चिम)

त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय रूकुम (पश्चिम)